# बाह्रदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चकचकी, झापा

प.सं.०७७।०७८ | | १ नं. प्रदेश नेपाल
च.न. | | मिति: २०७७।१०।२१

करार कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मिति २०७७-१०-२१

बाह्रदशी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७७।१०।२१ गतेको निर्णय अनुसार भूमिहिन, दलित, भूमिहीन सुकुम्बासी र अव्यस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि २०७७ बमोजिम यस गाउँपालिकाको भूमिहीन, भूहिअन दलित, भूमिहीन सुकुम्बासी र अव्यस्थित बसोबासको लगत संकलन इकाईको लागि तपसिलका उल्लेखित कर्मचारीहरु सेवा करार पदपूर्ति गर्नु पर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिक सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र माग बमोजिम विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| सि.न | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ८/०७७/०७८ | सर्वेक्षक | स्थानीय सेवाको पाँचौं तह सरह | २ |
| २ | ९/०७७/०७८ | अमिन | स्थानीय सेवाको चौथो तह सरह | १ |
| ३ | १०/०७७/०७८ | तथ्याक संकलक | स्थानीय सेवाको चौथो तह सरह | ५ |

१.आवश्यक न्यूनतम योग्यता र अनुभव:

क. सर्भेक्षक- मान्यता प्राप्त शिक्षण संस्थाबाट जुनियर सर्भे वा जियोमेटिक्स विषयमा ३ वर्षे प्रमाणपत्र तह सरहको डिप्लोमा तह उर्तिण विज्ञान(फिजिकल समुह) वा भुगोल विषय लिई प्रमाणपत्र तह उर्तिण गरेको ।

ख. अमिन:-मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी वा एस.इ.ई मा कम्तिमा ३ ग्रेड प्राप्त गरि सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा एक वर्षको तालिम प्राप्त गरेको ।

ग. तथ्याक संकलक:-मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याक शास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषयमा सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उर्तिण गरी कम्तिमा ३ महिनाको कम्प्युटर तालिम लिएको ।

घ. उमेर:-कम्तीमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

२. दरखास्त दिने स्थान: बाह्रदशी गाउँपालिकाको कार्यालय

३.दरखास्त दिने अन्तिम मिति:२०७७ फागुन ०५ गते(विदा परेमा भोलीपल्ट)

४.आवेदन दस्तुर: रु.५००।

५.छनोटको किसिम: प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा तथा अन्तरवार्ता (बाह्रदशी गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७६ को दफा ४ को उपदफा ३ बमोजिम)

६.आवेदन साथ संलग्न कागजातहरु: आवेदक स्वयमले प्रमाणित गरेका देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

(क). नागरिकता (ख). न्यूनमत योग्यताको लव्धाक प्रमाणपत्र र चारित्रिक प्रमाण पत्र (ग). अनुभव खुल्ने कागजात (घ.) २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधा:- सर्वेक्षकको हकमा स्थानीय सेवाको सेवाको पाँचौं तह सरह तथा अन्य हकमा स्थानीय सेवाको चौथो तह सरह

८. पदले सम्पादित गर्नुपर्ने कार्य विवरण:- भूमिहिन दलित, भूमिहीन सुकुम्वासीर अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि २०७७ बमोजिम।

नोट. सम्बन्धित पदको पाठ्यक्रम लोक सेवा आयोगले तय गरे बमोजिम हुनेछ । अन्य थप जानकारीका लागि गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिन्छ ।

..........................
चित्र प्रसाद गुरागाई
प्रमुख प्रशासकीय अधिकृत

चित्र प्रसाद गुरागाई
प्रमुख प्रशासकीय अधिकृत